# कञ्चनपुरमा निर्मला पन्तको बलात्कार पछि हत्या भएको घटनामा संगठनको स्थलगत अनुगमनको प्रारम्भिक प्रतिवेदन

निर्मला पन्त २०७५ साउन १० गते घरवाट साथी रोशनी वमको घर जान भनि निस्कन्छिन । भोलीपल्ट उनको शव भिमदत्त न.पा.-१९मा पानी भएको हिलो उखुवारीमा फेला पर्छ । उनको अवस्थाले स्पष्ट देखाउछ उनको वलात्कार पछि हत्या भएको हो । यो घटना घटेको लामोसमय भईसक्दा पनि प्रभावकारी अनुसन्धान भएन । घटनाको अत्याधिक राजनीतिकरण गरियो । यसर्थ , नेपाल मानव अधिकार संगठनको एक टोलीले घटनाको स्थलगत अनुगमन गर्ने निणर्य गरी सोही वमोजीम अनुगमन भएको छ ।

**अनुगमन टोली**

१. ईन्द्र प्रसाद अर्याल - अध्यक्ष नेपाल मानव अधिकार संगठन
२. महामुनीश्वर आचार्य - महासचिव, नेपाल मानव अधिकार संगठन
३. त्रिभूवन कुमार भट्ट- सभापति नेपाल मानव अधिकार संगठन , कञ्चनपुर शाखा

**अनुगमन विधि**

१. स्थालगत अनुगमन
२. सरोकारवालासँग संक्षिप्त वयान,
३. स्थानियहरुसँग छलफल
४. निर्मला पन्तको न्यायका लागि कार्यरत ४० जना वढी नागरिक समाजका व्यक्तित्वहरुसँग औपचारिक छलफल

**अनुगमनको उदेश्य**

- निर्मला पन्तका लागी न्याय / दण्डहिनताको अन्त्य
- दोषी उपर कारवाही
- अनुसन्धानको वहानामा निर्दोष व्यक्तिहरु उपरको यातना र कानूनी उपचार

**अनुगमन प्राप्त सत्य/तथ्य:** संगठनको अनुगमन टोलीले मिति २०७५ भाद्र २८ ,२९र ३० गते अनुगमन गरी देहाय वमोजिम सत्य/तथ्य संकलन गरेको छ:

१. निर्मला पन्त वर्ष १३ की कक्षा ९ मा अध्ययनरत वालिका हुन । उनको परिवार साधारण हो र उनका वावु :यज्ञराज पन्त र आमा दुर्गा देवी पन्त साधारण काम गरेर परिवार पलिरहेका छन् । यज्ञराजले दोश्रो विवाह गरेको भन्ने वुझिएको ।
२. २०७५ साल साउन १० गते अन्दाजी १०.०० वजे निर्मला पन्त उनकी साथी रोशनी बमको घरमा जान भनी घरवाट निस्कन्छिन । वम दिदीबहिनी मध्ये रोसनी वम निर्मलाको साथी हुन् । उनीहरुले निर्मलालाई डान्सर बनाउन चाहन्थे र अर्को एक जना किशोरी समेतलाई २ जोर कपडा (एक/एक जोर) किनिदिएका थिए । घटना भएको दिन निज आवत जावत गर्ने भनिएको ओपेरा होटलमा एक वर्थ डे पार्टी भएको । त्यस पार्टीमा घटनासँग सम्वन्धित केही मानीसहरु जम्मा भएका र होटलको सी सी क्यामरा फूटेजहरु मेटिएको । स्थलगत अनुसन्धान र स्थानियको भनाई मेल खाएको ।
३. घटनाको अघिल्लो दिन साउन ९ गते रोसनी वम चनाचटपट खान निर्मलाकामा गएकी थिईन । उनले २० रुपैंयाको उधारो खान्छिन् । रोशनीले भोलीपल्ट घर आउनु भने वमोजीम होमवर्क गर्न र पैसा लिनभनि निर्मला भोलिपल्ट रोसनीको घर जान्छिन् ।
४. ढिलोसम्म छोरी घर नआएपछि निर्मलाकी आमा साउन १० गते साँझ ६ वजे ववितاको घर जान्छिन तर उनलाई वम दिदिवहिनीले घर प्रवेश गर्न दिएनन् । उल्टै निर्मला पोईलगई होली नी हामीलाई के थाहा भनी हप्काएर पठाए । छोरी नभेटिएपछि उनी छोरी खोजी दिन अन्दाजी ९ वजे तिर स्थानिय प्रहरीकोमा जान्छिन् । निर्मलालाई खोज्न भनि स्थानिय

प्रहरी पोशाक लगाई जिल्लामा रिपोर्टिङ गरे पश्चात् ति प्रहरीले राति अरुको घर प्रवेश गर्न नसकिने र भोलिपल्ट मात्र खोज्ने भनी फर्काउछन् । घटना भएको भोलीपल्टै विहानै घटनास्थल नजिक कार्यरत रहेको स्थानिय प्रहरी समेत सरुवा गरिएको भन्ने वुझिएको ।

५. साउन ११ गते विहान निर्मलाको साईकल खोल्सामा रहेको अवस्थामा एक स्थानियको घरमा काम गर्ने वक्कलाटो अन्दाजी ६५ वर्षको व्यक्तीले फेला पारी वाहिर निकाली सफा गरी सकिएको अवस्थामा फेला पर्छ । दुर्गा देवी त्यही समयमा पुनः रोशनीको घर पुगेकी छन् । छोरीबारे वम दिदिवहिनी सँग सोधपुछ गर्दै गर्दा समुहमा रहेका कोही व्यक्तिले निर्मलाको साईकल खोल्सामा फेला पर्‍यो भन्ने समाचार सुनाउदा ववीता वमले तुरुन्तै "साईकल त्यहाँ भए लाश पनि त्यतै होला भन्छिन् (त्यस समय सम्म निर्मलाको अवस्थाको वारेमा कसैलाई जानाकारी थिएन) । "निर्मलाको शव भिमदत्त न.पा.-१९ को उखु बारीमा पाईयो । जुन स्थान वम दिदिवहिनीको घरवाट अन्दाजी ६०० मिटरमा छ र सोही वाटो भएर निर्मलाको घर पुगिन्छ ।

६. घटनास्थलमा पानी भरि भएको खोल्सो छ । बारी पिच बाटो छ । पारी उखु बारी छ र सिसौको ठुलो रुख छ, त्यही उखु वारीमा निर्मलाको शव फेला पर्छ ।खोल्सा पारी शव/बारी एकातिर साईकल/अर्कोतिर नभिजेका किताव र अम्बाको झोला फेला पर्छ ।

७. शव फेला परेको स्थानमा सुरक्षाकर्मी चाँदनी साउदले निर्मलाको शव र पाईजामा पनि पखालिन् । स्थानिय न्यायीक समितिकी सदस्य/जनप्रतिनिधि सन्तोषी साउदले त्यसो गरि प्रमाण नष्ट नगर्न तत्काल भनिन् । यसो भन्दा चाँदनीले सन्तोषिलाई पिट्न खोजिन । सन्तोसी साउदको भनाई अनुसार-१० गते बेलुका बम दिदीवहिनीको छिमेकमा भैसी व्याउन लागेको । मान्छे जम्मा भएका । त्यँहा लास/शव भन्ने आवाज सुनिएको । विहान ४.०० बजेतिर त्यो घरमा ट्याम्पु/टुकटुक आएको थियो (नाम खुलाउन नचाहाने क्षिमेकीको भनाई) ।

८. ११ गते नै निर्मला पन्त वलात्कार पछिको हत्यामा प्रहरीको सुरुवाती अनुसन्धानले निष्पक्षतामाथि शंका गरी अभियुक्त पकाउ गर्नका लागि आन्दोलन सुरु ।

९. शव वुझ्न नेपाल प्रहरीका एस.पीं डिल्लीराज विष्टले परिवारलाई दवाव दिएको र सव नवुझ्केको अवस्थामा कर्फ्यु लगाई सवैलाई मारिदिने धम्की दिएको । डडेलधुरा जोगबुढा वस्ने तिर्थराज भण्डारी निर्मलाको मामा हुँ भन्ने अकस्मात आईपुग्छन् । अस्पतालबाट लास सद्गतका लागि जवर्जस्ती लैजान्छन् । प्रहरी/प्रहरी घेराउमा दाहसंस्कार भयो । मामा यस अघि पहिला कसैले नदेखेको । आन्दोलन भईनै रहको ।

१०. भदौ ४ मा दिलिप सिंह विष्ट पक्राउ हुन्छन् । उनलाई आश्वासन/धम्कि/यातना सवै दिईयो । यी पूर्व अपर र मानसिक सन्तुलन गुमेका व्यक्ति हुन ।

११. भाद्र ७ गते महेन्द्रनगरमा निषेधाज्ञा जारी भयो । हरि प्रसाद मैनालीको संयोजकत्वमा ५ सदस्य छानविन समिति गठन । सिडियो कुमार बहादुर खड्का हटाई तीर्थ अधिकारी ल्याईयो र एस.पी. डिल्लीराज विष्टलाई हटाई कुवेर कठाएतलाई ल्याईयो ।

१२. केही दिनदेखि आन्दोलन चलिरहेको थियो , यध्यपी भदौ ८ गते देखि आन्दोलन चर्कियो र १४ वर्षे बालक सन्नी खुनाको गोली लागि निधन भयो । ९ गतेबाट काठमाण्डौंमा पनि विरोध प्रदर्शन भयो र सोही दिन बबिता र रोसनी बमलाई पक्राउ गरियो । ९, १०, ११, १२ गते पुरै तनावग्रस्त अवस्थामा कन्चनपुरमा कर्फ्यु लगाईयो । १२ गते एस.पि. कृष्णराज ओझाको नेतृत्वमा दोश्रो छानबिन समिति गठन गरियो । यसै विचमा जलश्रोत मन्त्री विना मगरले निर्मलाको परिवारसँग भेट गर्नुभयो । १४ गते वम दिदिवहिनीको कम्पाउण्डको अम्बाको रुख काटियो (जो यो घटनासँग सम्वन्धित थियो भन्छन् )

१३.. भाद्र २१ गते प्रहरी महानिरिक्षक शर्वेन्द्र खनाल निर्मलाको घर गएको । २२ गते सर्वेन्द्र खनालको अनुसन्धानमा त्रुटि भयो भन्ने स्विकारोक्ती आएको । उच्च स्तरिय छानबिन समितिका सदस्य विरेन्द्र बहादुर के.सी.ले जीवन असुरक्षित भएको भन्दै पत्रकार सम्मेलन गरी राजिनामा दिएको (२५ गते)

१४. २६ गते दिलिप विष्ट रिहा भएको ।

**कन्चनपुरमा अनुसन्धानको क्रममा यातना :**

- दिलिप विष्ट/४१ वर्ष/भिमदत्त न.पा.-१५ः आँफूमाथि के के भयो ? के के यातना दिईयो भन्न नसक्ने विक्षिप्त अवस्थाका छन् । पैतालामा पाईप र अनुहारमा पानीको थोपा प्रयोग गरी यातना दिईयो ।
- चन्द्रदेव बडु/२१ वर्ष/भिमदत्त न.पा. २ः बम्बईमा काम गर्ने/विछिप्त छन् । २१ गते साउन पकाउ परेको
- हेमन्ति भट्ट/वर्ष १८/भिमदत्त न.पा. २ः +2 का विद्यार्थी/चरम यातना/साउन १८ मा हिरासत र ६ दिनसम्म पटक पटक चौकि बोलाउने । खुट्टा वाँधेर झुण्ड्याईएको र पैतलमा पिटिएको र
- लक्ष्मी मल्ल , कैलालीः थुनामा कुटपिट गरेको

- कैलाली महोन्यालका जीवन घर्ती मगर: प्रहरीको यातनाका कारण विछिप्त
- दिपक नेगी/भिमदत्त न.पा. १८: प्रहरीको यातनाका कारण विछिप्त

**घाईतेहरु**

- उमेश देउवा हाल टिचिङ, अर्जुन भण्डारा हाल टिचिङ/खुट्टा काटिएको । होस नआएको ।
- आन्दोलनका क्रममा २५ जना वढी घाईते छन् ।

**निलम्बितहरु**

- एस.पी. डिल्लीराज विष्ट (शंकित व्यक्तिको रुपमा डि.एन.ए परिक्षण गरिएको)
- डि.एस.पी. ज्ञानकुमार सेठी
- प्र.नी. एकेन्द्र खड्का
- प्र.नी. जगदीश भट्ट
- प्र.स.नी. रामसिंह धामी
- डि.एस.पी.अंगुर जोशी (के. अनुसन्धान व्यूरोका) अनुसन्धानमा सघाउन खटिएका

**थप आशंका गरिएकाहरु:**

- डिल्ली विष्ट (S.P.) का छोरा किरण विष्ट ,
- मेयरका भतिजा - आयूष विष्ट

**अनुसन्धानको पाटो**

एस.पी. डिल्लीराज विष्ट ,डि.एस.पी.ज्ञान कुमार सेठी , प्र.नी. एकेन्द्र खड्का मुद्धा शाखा , वम दिदि वहिनी निर्मलाका मामा भनीने तिर्थराज र सँगैको व्यारेकलाई घटनावारे जानाकारी छ । उनीहरु उपर ठेस र प्रभावकारी अनुसन्धान भएन

**निष्कर्ष**

- प्रमाण नष्ट गरिएको
- निर्दोषलाई यातना दिईएको
- प्रहरी प्रशासन घटनाको अनुसन्धान दवाउन लागेको ।
- न्याय माग गर्नेहरुलाई उत्तेजीत पारेको
- गैरकानूनी तवरवाट अत्याधिक वल प्रयोग गरिएको
- वलात्कार र हत्या जस्तो गंभिर घटनाको राजनीतिकरण गरिएको ।

**सुझाव**

निष्पक्ष र प्रभावकारी अनुसन्धान होस , प्रहरी/सरकार स्वयंवाट दोषी वचाउने र आन्दोलन कमजोर पार्ने काम नहोस । फैजदारी कानूनको अनुसन्धान र अभियोजनमा देखिएको संस्थागत संकट र स्थलगत लापरवाही सुधारहोस । निर्मला पन्तको हत्याका दोषिलाई उपलव्ध सवै साधन र श्रोत प्रयोग गरी पत्ता लगाई न्यायको कठगरामा ल्याईयोस र यातना दिने कार्यमा संलग्न तथा गैरकानूनीरुपमा अत्याधिक वल प्रयोग गरी जनधनको क्षति गराउने प्रहरी प्रशासनका व्यक्तिहरु उपर कानून वमोजिम कारवाही गरियोस ।

*मिति -२०७५-६-१०*